प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २०० ॥ २०८१ भाद्र १५ गते शनिबार (31st Aug 2024 Saturday)
**Pratidin** National Daily
मूल्य-रु.५/-

# माओवादी बम विस्फोटमा दाजुबहिनीको मृत्यु

झापा(प्रस) । पाँचथरको फालेलुङ गाउँपालिका-५ प्राङ्वुङको डाँडागाउँ टोलमा भएको विस्फोटमा परी दुई दाजुबहिनीको मृत्यु भएको छ ।

उपचारका लागि झापातर्फ ल्याउने क्रममा स्थानीय दिलिप साँवाका अढाई वर्षीया छोरी प्रिन्सा र ११ वर्षीय छोरा दिप्सनको मृत्यु भएको हो । प्रिन्साको बिहीवार राति १० बजे इलाम पुर्याउँदा बाटोमै र दिप्सनको राति १ वजे बीएन्डसी अस्पताल बिर्तामोड ल्याइपुर्‍याउँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

बिहीवार दिउँसो ३ बजे माओवादी कार्यकर्ता आइतराज केरुङ (आईबी) को घरमा बस्दै आएका ज्ञानबहादुर राईका १० वर्षीय छोरा पवन, स्थानीय दिलिप साँवाका ११ वर्षीय छोरा दिप्सन र अढाई वर्षीया छोरी प्रिन्सा र दिपक राईका छोरा ७ वर्षीय दिप्सन राई घाइते भएका थिए । घाइते बालक पवनको भने पाँचथर अस्पतालमै उपचार भइरहेको प्रहरीले जनाएको छ । दिप्सन राई डिस्चार्ज भएका छन् । बालबालिकाहरु आँगनमा खेलिरहेको अवस्थामा विष्फोट भएको थियो ।

उनीहरू घरेलु ग्रिनेड पड्केर घाइते भएको हुन सक्ने जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख डीएसपी हेमन्त भण्डारी क्षेत्रीले बताए ।

ग्रिनेड कहिले र कसले राख्यो भन्ने नखुलेकाले अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । विस्फोट भएको घरका धनी आइतराज माओवादी कार्यकर्ता हुन् । त्यो घरमा अहिले ज्ञानबहादुर राईको परिवार बस्दै आएको छ । बम द्वन्द्वकालमा लुकाइएको हुन सक्ने स्थानीयले आशंका गरेका छन् ।

पाँचथरको फालेलुङ गाउँपालिका-५ प्राङ्वुङको डाँडागाउँको एक घरमा विस्फोट भएको बम सशस्त्र द्वन्द्वकालको भएको पाइएको छ ।

माओवादी कार्यकर्ताको घर नजिकै बम विस्फोट भएको घटनाले विस्फोट भएको बम द्वन्द्वकालीन विस्फोटक पदार्थकै एक हिस्सा रहेको आशंकासहित प्रहरीले माथिल्लो तहमा ब्रिफिङ गरेको थियो ।

गृहमन्त्री रमेश लेखकले शुक्रबार गृह मन्त्रालयमा पत्रकारहरुसँगको अन्तरक्रियामा पाँचथरमा विस्फोट भएको बम द्वन्द्वकालीन नै भएको बताएका हुन् । 'ग्रिनेड पड्कियो । अत्यन्त दुःखद घटना भयो । आज मात्रै प्रहरीसँग लामो कुराकानी भयो । यो कसरी पड्कियो भनेर सोधेको थिएँ,' गृहमन्त्री लेखकले भने, 'हामीलाई प्राप्त जानकारीअनुसार यो पुरानो ग्रिनेड नै हो, सशस्त्र द्वन्द्वका बेलाकै ग्रिनेड पड्केर दुःखद घटना भएको छ ।'

उनले भर्खर संक्रमणकालीन न्यायको कुरा टुंग्यायौं, शान्ति प्रक्रियाका बाँकी काम टुंग्यायौं भनेकोमा द्वन्द्वकालीन बम विस्फोटबाट बालबालिकाको मृत्यु हुनु दुःखद भएको बताए । 'अहिले पनि सशस्त्र द्वन्द्वको पीडा जीवित छ, अहिले पनि बम पड्केर दुःखद घटना भएका छन् ।' उनले अर्को बम पनि झाडीमा फेला परेको र त्यसलाई नेपाली सेनाले निष्क्रिय बनाएको जानकारी दिए ।

# मृतकलाई क्षतिपूर्ति र घाइतेलाई निःशुल्क उपचार- आयोग

झापा(प्रस) । राष्ट्रिय मानव अधिकार आयोगले पाँचथरको फालेलुङ गाउँपालिका-५ डाँडागाउँस्थित आइतराज केरुङको घरमा भएको बम विष्फोटको घटनाप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

आयोगले निर्दोष बालबालिकाको ज्यान जाने गरी भएको उक्त घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कारबाही गर्न निर्देशन दिएको छ । आयोगका प्रवक्ता टीकाराम पोखरेलले शुक्रबार विज्ञप्ति जारी गर्दै घाइतेको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था मिलाउन, घाइते तथा मृतकका परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न तथा जथाभावी छोडिएका यस्ता विष्फोटक पदार्थहरु निष्कृय पारी पुनः यस प्रकारका घटना दोहोरिन नदिन आयोगले सरकारलाई निर्देशन दिएको जानकारी दिए ।

बिहीबार साँझ भएको बिष्फोटमा परी दुई बालबालिकाको मृत्यु भएको थियो भने एक जना अझै पनि उपचाररत छन् । आयोगले उक्त घटनाको स्थलगत अनुगमन समेत गरिरहेको जनाएको छ ।

'बालिबालिकाहरु घरछेउमा खेल्ने क्रममा विष्फोटक पदार्थ विष्फोट हुँदा चार जना बालबालिका घाइते भएको, घाइतेमध्ये दुई वर्षीया बालिका प्रिन्सा साँवाको उपचार गर्न लैजाने क्रममा बाटोमै मृत्यु भएको, अर्का ११ वर्षीय बालक दिप्सन साँवाको अस्पतालमा उपचारको क्रममा मृत्यु भएको र अन्य घाइतेहरुको पाँचथर जिल्ला अस्पतालमा उपचार भइरहेको आयोगको अनुगमनबाट पाइएको छ,' आयोगले भनेको छ ।

आयोगले उक्त विष्फोट अठार वर्षअघि भएको विस्तृत शान्ति सम्झौताविपरीत रहेको भन्दै घटनामा दुःख व्यक्त गरेको छ । 'विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५.१.४ मा 'दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ्गहरुको रेखाङ्कन, भण्डारण तीस दिनभित्र एक अर्कालाई जानकारी दिने र साठी दिनभित्र निष्कृय र निर्मूल गर्न एक अर्कालाई सहयोग गर्नेछन् ' भन्ने उल्लेख गरिएको परिप्रेक्ष्यमा पाँचथरमा भएको विष्फोट द्वन्द्वकालमा द्वन्द्वरत पक्षबाट जथाभावी छाडिएका विष्फोटक पदार्थ हुनसक्ने आशङ्का रहेको छ,' आयोगले विज्ञप्तिमार्फत् भनेको छ, 'विस्तृत शान्ति सम्झौता भएको अठार वर्ष पूरा हुन लाग्दा समेत न्यायको पर्खाइमा रहेका सशस्त्र द्वन्द्वकालका पीडितहरुले न्याय पाउन नसकेको र आयोगले पटकपटक यस प्रकारका विष्फोटक पद्धार्थ हटाउन र त्यसको प्रगति आयोगमा जानकारी गराउन सिफारिस समेत गरेको सन्दर्भमा विष्फोटको घटनाबाट बालबालिकाले ज्यान गुमाउनुपर्ने अवस्थाको सिर्जना हुनु अत्यन्त दुःखद् हो ।'

# भारतले अनौठो यन्त्र खसाल्दा झापावासी सशंकित



झापा(प्रस) । एकपछि अर्को गर्दै दुईवटा अनौठो यन्त्र बेलुनमा उडाएर भारतले नेपाली भूमिमा खसालेपछि झापावासीहरु सशंकित भएका छन् ।

भारतले बेलुनमा राखेर उडाएको अनौठो यन्त्र बिहीवार विहान बाह्रदशी-५ नवकिरण टोल बस्ने बलबहादुर बेघाको घर पछाडि नरिवलको बोटमा झरेको थियो । ठूलो आवाजका साथ बेलुन पड्किएर त्यसभित्रको यन्त्र झर्दा स्थानीयहरु त्रसित भएका छन् । केही दिनअघि शिवसताक्षीको झिलझिलेमा पनि त्यस किसिमको यन्त्र झरेको थियो । ट्रान्समिटर जस्तो भएको र एन्टिना समेत रहेको यन्त्रमा weather लेखिएको छ । त्योसंगै हातले I.M.D.– JALPAIGURI 20.08.2024 र 98323.69991 लेखिएको छ । बिहीवार बिहान ९.३० बजेतिर ठूलो आवाजका साथ अनौठो वस्तु झरेको स्थानीयले प्रहरीलाई खबर गरेपछि प्रहरी टोली पुगेर हेर्दा थाहा नभएको यन्त्र भेटिएको फूलवारी प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक श्रवण चौधरीले बताए । उनले ठूलो आवाजका साथ झरेपनि ठूलो क्षति नभएको जानकारी दिए । त्यस यन्त्रलाई आफूहरुले शुक्रवार जिल्ला प्रहरी कार्यालयमा बुझाएको चौधरीले बताए ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक मिलन केसीले यसअघि आफूले त्यस किसिमको यन्त्र नदेखेको बताए । मौसम नाप्ने यन्त्रजस्तो लागेपनि के हो र किन नेपाली भूमिमा खसालेको भनेर अनुसन्धान शुरु गरिएको उनले जानकारी दिए । ' सीमावर्ती भारतको जलपाईगुडीबाट यसलाई उडाइएको हुनसक्छ ' उनले भने, ' त्यस यन्त्रका बारेमा अनुसन्धान गर्न मौसमविदलाई खबर गरेका छौं । ' केही दिनअघि शिवसताक्षीको झिलझिलेमा पनि सोही यन्त्र झरेको उनले जानकारी दिए । हावापानी परिवर्तन नाप्नका लागि सो यन्त्रलाई आकाशमा छोडिएको र हावाले उडाएर नेपाली भूमिमा ल्याएको हुनसक्ने भारतीय सीमा सुरक्षा वल एसएसबीका एक अधिकारीले बताए । मौसम विभागले त्यसलाई उडाएको उनको भनाई छ ।

# करुणा फाउन्डेशनको कार्यक्रमले अपाङ्गता भएका व्यक्ति विभाजित

झापा(प्रस) । करुणा फाउन्डेशनको कार्यक्रमले झापाका अपाङ्गता भएका व्यक्तिहरुमा विभाजन ल्याएको छ । कोही खारेज गर्नुपर्ने र कोही खारेज गर्न नदिने पक्षमा उभिएका छन् । करिव एक साताअघि अपाङ्गता भएका झापाका केही व्यक्तिहरुले कोशी प्रदेश सरकार, स्थानीय तह र करुणा फाउण्डेशनको साझेदारीमा सञ्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम खारेज गर्नुपर्ने माग गरेका थिए । उनीहरुले

उक्त कार्यक्रमले अपाङ्गताको निमित्त काम गर्न नसक्ने दावी गरेका थिए । बिर्तामोडमा पत्रकार सम्मेलन गर्दै उनीहरुले करुणा फाउण्डेशनले सञ्चालन गरिरहेको कार्यक्रमबाट अपाङ्गता भएका व्यक्तिहरुको नाममा सपांगले फाइदा उठाउने आरोप लगाएका थिए । अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रममा कर्मचारी नियुक्तिदेखि नै अपाङ्गता भएका व्यक्तिहरुमाथि अन्याय भएको दुखेसो पोखेका थिए । कर्मचारी नियुक्तिमा अपाङ्गता भएका व्यक्तिहरुलाई अनिवार्य आरक्षण दिनुको साटो रोक्ने नियत देखिएको उनीहरुको आरोप थियो । तर, अपाङ्गता भएका केही व्यक्तिहरुले शुक्रवार पत्रकार सम्मेलन गरी कुनै पनि हालतमा करुणा फाउण्डेशनको कार्यक्रम खारेज हुन नदिने दावी गरेका छन् । उनीहरुले समस्याको समाधान कार्यक्रमको खारेजी होइन, सिविआरएफ छनौट मार्गदर्शन संशोधन हो भन्दै मार्गदर्शन सच्याउन माग गरेका छन् । बिर्तामोड अपाङ्गता स्वाबलम्बन संस्थामा पत्रकार सम्मेलन गरी उनीहरुले हाल सिबिआरएफ छनौट सम्बन्धी मार्गदर्शनबाट छनौट भइआएका सिविआरएफलाई आफ्नो कार्यक्षेत्रमा आ-आफ्नो जिम्मेवारीअनुसार काम

❖ बाँकी अन्तिम पृष्ठमा

# झापामा डेङ्गुका तीनजना नयाँ संक्रमित थपिए

झापा(प्रस) । झापामा डेङ्गुका तीनजना नयाँ संक्रमित थपिएका छन् । बाह्रदशीमा दुई र बिर्तामोडमा एकजना गरी तीनजनामा डेङ्गु पोजिटिभ देखिएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । साउन १ देखि भदौ १३ सम्म विरामी भएर अस्पताल भर्ना भएका १०८ जनाको रगत परीक्षण गर्दा तीनजनामा डेङ्गु पोजिटिभ पाइएको स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन युवनाथ बरालले जानकारी दिए । यस आर्थिक वर्षमा डेङ्गु संक्रमणबाट झापामा एकजनाको मृत्यु भइसकेको छ । गत साउन २५ गते हल्दिबारी ४ की ४० वर्षीया अनिता पौडेलको डेङ्गु संक्रमणबाट मृत्यु भएको हो ।

# सऱ्यो प्रदेशस्तरीय ब्याडमिन्टन प्रतियोगिता

मेची रंगशाला
स्वागतम्
स्वागतम्

भद्रपुर(प्रस) । यही भदौ २९ देखि ३१ गतेसम्म झापाको भद्रपुरमा हुने भनिएको कोशी प्रदेशस्तरीय पुरुष खुला तथा भेट्रान्स ब्याडमिन्टन प्रतियोगिताको मिति परिवर्तन भएको छ ।

आयोजक झापा जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष दिपेश ढकालका अनुसार प्रतियोगिता एक दिनअघि भदौ २८ गतेदेखि ३० गतेसम्म भद्रपुरको मेची रंगशालामा रहेको कभर्ड हलमा हुनेछ

प्रतियोगिता दुई इभेन्टमा सञ्चालन हुने संघका अध्यक्ष ढकालले बताए । प्रतियोगिता पुरुष डबल्स र भेट्रान्स डबल्स गरी दुई विधामा सञ्चालन हुनेछ ।प्रतियोगितामा नेपालका उत्कृष्ट १६ ऱ्यांकिङ खेलाडीले भने भाग लिन पाउने छैनन् । भेट्रान्स विधामा भने ४५ वर्ष उमेरमाथिका खेलाडीले मात्र सहभागिता जनाउन पाउने छन् ।

प्रतियोगिताका खुलातर्फका विजेताले नगद ५० हजार रुपैयाँ, ट्रफी र मेडल पाउने संघका अध्यक्ष ढकालले जानकारी दिए । त्यस्तै, दोस्रो हुनेले नगद ३० हजार र तेस्रो हुनेले नगद १० हजार, ट्रफी र मेडल प्राप्त गर्ने छन् ।भेट्रान्सतर्फका विजेताले नगद ४० हजार रुपैयाँ, ट्रफी र मेडल पाउँदा दोस्रो हुनेले नगद ३० हजार रुपैयाँ, ट्रफी र मेडल तथा तेस्रो हुनेले नगद १० हजार रुपैयाँ, ट्रफी र मेडल पाउने छन् ।

पहिलोपटक हुन लागेको प्रतियोगितालाई सलोनी टि कपले प्रायोजन गरेको अध्यक्ष ढकालले जानकारी दिए ।

LINCOLN UNIVERSITY COLLEGE
Approved by Ministry of Education, Nepal
T.U Equivalent Degrees
Globally Recognized Courses
MBA 2 years program
BBA 4 years program
BHM 4 years program
BIT 4 years program
ADMISSION OPEN
International Degree at your Door Step
www.lincolnbalmiki.edu.np
Balmiki LINCOLN COLLEGE
Bitramod, Jhapa, Nepal
023-542373, 9815999988

# मुनाको हत्या आरोपमा एक पक्राउ

झापा(प्रस) । आफ्नै अपार्टमेन्टको बेडमा गोली लागेर मृत अवस्थामा फेला परेकी २१ वर्षीया मुना पाण्डेको हत्या आरोपमा ५१ वर्षका बबी सिंह शाह पक्राउ परेका छन् ।

सोमबार (अगस्त २६) लगभग साँझ ५:३५ बजे वेस्ट एयरपोर्ट बुलेवार्डको एक अपार्टमेन्टमा उनको शव फेला परेको थियो। घटनाको अनुसन्धानको क्रममा सोही अपार्टमेन्टबाट शङ्कास्पद अवस्थामा बाहिरिँदै गरेका एक व्यक्तिको फुटेज प्रहरीले सार्वजनिक गर्यो। त्यसैको आधारमा बबी सिंह पक्राउ परेका हुन्।

उनी अमेरिकाको समय अनुसार बुधवार साँझ उत्तर-पश्चिम ह्युस्टनमा एक ट्राफिक जाँचको क्रममा फेला परेका थिए । मृतकसँग सिंहको सम्बन्ध र हत्याको कारणबारे अझै खुलेको छैन। उनी कहाँका हुन् समेत सार्वजनिक भएको छैन।

मृतक पाण्डे भने नेपालको भोजपुरको रहेको र सन् २०२१ मा अमेरिका गएको खुलेको छ। इटहरीको कोशी कलेजमा अध्ययन सकाएर उनी विद्यार्थी भिसामा अमेरिका गएको खुलेको छ। उनी एकल आमाको हेरचाहमा हुर्किएकी थिइन् भने उनी एक्लो सन्तान थिइन्। अमेरिकाको एक कलेजमा उनले नर्सिङ विषयमा ब्याचलर्स अध्ययन गरिरहेकी थिइन्।

दुई दिनदेखि मुनाको फोन बन्द थियो। उनी बस्ने अपार्टमेन्टका कर्मचारीलाई अज्ञात स्रोतबाट मुनाको हत्या भएको सूचना आएको थियो। कर्मचारीले प्रहरीलाई जानकारी गराए।प्रहरी अपार्टमेन्टमा जाँदा मुना बेडमा अचेत थिइन्। चिकित्सक टोली आएर परीक्षण गरेपछि मृत घोषणा गर्यो।

# अर्जुनधारामा अघिपछि दुई जनाले गरे आत्महत्या

अर्जुनधारा(प्रस) । झापाको अर्जुनधारामा अघिपछि गरी दुईजनाले आत्महत्या गरेका छन् । शुक्रवार बिहान ४ बजे अर्जुनधारा नगरपालिका वडा नम्बर ६ लक्ष्मीटोल बस्ने २४ वर्षीया नम्रता पाठकले आफ्नै दुई तले पक्की घरको माथिल्लो तल्लामा रहेको पुजा कोठाको सिलिङ पंखामा झुन्डिएर आत्महत्या गरेकी छन् । त्यसको केही समयपछि सोही ठाउँ बस्ने बर्ष अन्दाजी ३५ का कृष्ण ढुंगेलले पनि आत्महत्या गरेका छन् । नम्रताले पुजा कोठाको झ्याल, ढोका बन्द गरी बाहिरबाट बोलाउँदा नबोलेपछि इलाका प्रहरी कार्यालय अनारमनीबाट प्रहरी टोली खटिएर स्थानीय, आफन्तको रोहबरमा बिहान ९:३० बजे ढोका खोली हेर्दा उनी मृत फेला परेकी थिइन् । त्यसको आधा घण्टापछि अन्दाजी १० बजेतिर श्रीमती र छोरी नभएको बेला आफ्नै निजी निवासमा ढुंगेलले आत्महत्या गरेको प्रहरीले जनाएको छ । एकै ठाउँका दुईजनाले अघिपछि झुन्डिएर आत्महत्या गर्नुको कारणबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।

---

### करुणा...

गर्ने वातावरण सिर्जना गर्न गराउन स्थानीय तह र सम्बन्धित सबै सरोकारवालाहरुलाई आग्रह गरेका छन् । साथै यो अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई सफल पार्नका लागि सहयोग गर्न सम्पूर्ण सरोकारवाला पक्षलाई अपिल गरेका छन् ।

कार्यक्रममा बिर्तामोड अपाङ्गता स्वाबलम्बन संस्थाका अध्यक्ष दीपक थापा , समाजसेवा सुधार युवा संघ अपाङ्ग सहयोग समितिका उपाध्यक्ष गंगाप्रसाद संग्रौला , कमल अपाङ्ग समितिका पिताम्बर खड्का , कन्काई अपांगता समावेशी संस्थाका कोषाध्यक्ष सृजना बराल ,झापा नेत्रहीन संघका अध्यक्ष होमनाथ राजवंशी ,ग्रामीण अपाङ्गता पुनर्स्थापना समितिका अध्यक्ष चन्द्रप्रकाश लिम्बू , हल्दीवारी अपांगता उत्थान संघका सदस्य सुमित्रा गिरी ,शान्ति अपांग संघका सचिव कृष्ण रिजालको उपस्थिति रहेको थियो ।

कोशी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, स्थानीय तह र करुणा फाउण्डेशनको संयुक्त लगानीमा कार्यक्रम सञ्चालन भइरहेको छ । कार्यक्रममार्फत अपाङ्गता भएका नागरिकलाई सम्मानपूर्वक बाँच्न सक्ने वातावरण सिर्जना गर्ने, आत्मनिर्भर बनाउने, अपांग शिशु जन्म हुन नदिने, अपाङ्गमैत्री वातावरण निर्माणलगायतका कार्य गर्ने जनाइएको छ । झापाको १५ वटै पालिकामा कार्यक्रम सम्झौता भइसकेको छ ।

---

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार दक्षिणः शंकर उप्रेती को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री सन्दिप कुमार अग्रवालले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १८०० ०८ ०१२ | ८४ | ८५२.३ ९ | २०८०/ १२ /११ | २०८०/ १२ /१२ | २०८१/ ०५/०५ |

---

## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०५/१५

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य देदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य देदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

तपसिलः

| क्र. सं. | ऋणी को नाम थर तथा तिनपुस्ते बिवरण | कर्जाको प्रकार | धितो सूरक्षणको विवरण |
|---|---|---|---|
| **शाखा कार्यालय, विर्तामोड** | | | |
| १. | **ऋणीः इन्द्र बहादुर थापाको** नाती, तिलक बहादुर थापाको छोरा नागरिकता बमोजिम झापा जिल्ला, अर्जुनधारा गा.वि.स. वडा नं. ०७, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधाारा नगरपालिका वडा नं.०५, बस्ने मिति २०५१/०८/१४ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना. प्र.नं. ६९७११४५ भएको वर्ष ४९ खगेन्द्र थापा । | व्यक्तिगत ओभरड्राफ्ट कर्जा | **विष्णु कला थापाको** नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला अनारमनी गा.वि.स वडा नं. ०३ स्थित कि.नं. ३ को क्षेत्रफल १४३.९१ ब.मी जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**व्यक्तिगतजमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण**

| | |
|---|---|
| नाम: **तिलक बहादुर थापा**<br>बाबु: इन्द्र बहादुर थापा<br>बाजे: प्रभु राम थापा<br>ना.प्र.नं. ०२-५०-७८१ (२०३५/०५/१५ झापा)<br>ठेगाना: पाँचथर जिल्ला, फिदिम गा.वि.स. वडा नं. ०८, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधाारा नगरपालिका वडा नं.०५ बस्ने । | **व्यक्तिगत /धितो जमानतकर्ता**<br>नाम: **बिष्णु कला थापा**<br>बाबु: मदन बहादुर खत्री<br>पति: तिलक बहादुर थापा<br>ना.प्र.नं. २७७२ (२०३६/०३/३२ झापा)<br>ठेगाना: पाँचथर जिल्ला, फिदिम न.पा वडा नं. ०८, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधाारा नगरपालिका वडा नं.०५ बस्ने । |
| नाम: **शुष्मिता बुढाथोकी**<br>बाबु: बिजय कुमार बुढाथोकी<br>पति: खगेन्द्र थापा<br>ना.प्र.नं. ५२८७/१६ (२०६३/०३/०२ इलाम)<br>ठेगाना: इलाम जिल्ला, इभाङ्ग गा.वि.स. वडा नं. ०३, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधाारा नगरपालिका वडा नं.०५ बस्ने । | नाम: **विश्ववन्धु थापा**<br>बाबु: तिलक बहादुर थापा<br>बाजे: इन्द्र बहादुर थापा<br>ना.प्र.नं. ६९७११४६ (२०५४/१०/१० झापा)<br>ठेगाना: झापा जिल्ला, अर्जुनधारा गा.वि.स. वडा नं. ०७, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधाारा नगरपालिका वडा नं.०५, बस्ने । |
| **व्यक्तिगत जमानीकर्ता:**<br>नाम: **बिमला पाण्डे**<br>बाबु: दल बहादुर पाण्डे<br>पति: विश्ववन्धु थापा<br>ना.प्र.नं. ०३–००२–३ (२०६३/१०/१५ इलाम)<br>ठेगाना: इलाम जिल्ला, आमचोक गा.वि.स. वडा नं. ०४, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधाारा नगरपालिका वडा नं.०५ बस्ने । | **व्यक्तिगत जमानीकर्ता:**<br>नाम: **दिपेश कुमार थापा**<br>बाबु: तिलक बहादुर थापा<br>बाजे: इन्द्र बहादुर थापा<br>ना.प्र.नं. ६९७१४९०८ (२०५८/०९/२४ झापा)<br>ठेगाना: झापा जिल्ला, अर्जुनधारा गा.वि.स. वडा नं. ०७, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधाारा नगरपालिका वडा नं.०५, बस्ने । |

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

---

## विपद व्यवस्थापनमा सहयोगी बनौ

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपद्मा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपद्बाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपद्को बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद् परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद् प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपद्को अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौ, उद्दार, राहत, पुर्नस्थापना, पुनर्लाभ सहभागी बनौं

नेपाल सरकार
विज्ञापन बोर्ड

---

## बिर्तामोड नगरपालिका

नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

## घर नक्सा पास गर्ने तथा पुरानो (बनेका) घर अभिलेखिकरण सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१ भाद्र ०९ गते

प्रस्तुत विषयमा मिति २०८१/०५/०२ मा बसेको कार्यपालिकाको बैठकको निर्णय अनुसार बिर्तामोड नगरपालिका क्षेत्रभित्र निर्माण भइसकेका सरकारी,गैर सरकारी,संस्थागत तथा निजी भवनहरुको हकमा भवन दर्ता तथा अभिलेखिकरण गर्ने र नक्सापासको प्रकृयामा रहेता पनि म्याद सकिएर सम्पन्न प्रमाणपत्र नलिएको भवनहरुको हकमा एक वर्षको म्याद दिई एकपटकलाई शत प्रतिशत राजश्व लिई प्रमाण पत्र लिन तथा नगर विकास समितिबाट राजश्व तिरी नक्सापासको प्रकृयामा रहेको र सम्पन्न प्रमाण पत्र लिन बाकी रहेको भवनहरुको हकमा प्रमाण पत्र लिनको लागि मिति २०८१ माघ मसान्त सम्मको समय दिईएको सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तीलचन भण्डारी
उपसचिव

---

## मोटरसाइकल सर्भिसिङ

गर्नुपरेमा हामीलाई सम्झनुहोस्

भद्रपुर मेचीपारी अनुभवी टेक्निसियनद्वारा मोटरसाइकलको राम्रो सर्भिसिङ गर्नुका साथै सरल तथा सुपथ मूल्यमा पार्टस्हरु पाइन्छ । आउनुहोस् सेवा गर्ने मौका दिनुहोस् ।

सम्पर्क :
**सेवा ग्यारेज**
गलगलिया, भादगाउँ (मेचीपारी)
मो. ९७६३५२८४२०,९७०३२९५२८१
इन्डियन नं. +९१९६०८३४७५२३

---

## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर,
जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत
कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना
३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा
नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

## सम्पादकीय

# स्वागतयोग्य निर्णय

भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमा भ्रष्टाचारको मुद्दामा पाँच वर्षे हदम्यादसम्बन्धी प्रावधान नराख्ने प्रस्ताव संसदीय समितिबाट पारित भएको छ। संघीय संसद् प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा हदम्याद सम्बन्धी प्रावधान हटाउन गृहमन्त्री रमेश लेखकले राखेको प्रस्तावमा समितिका सबै सदस्यले सहमति जनाएपछि सो प्रस्ताव सर्वसम्मतिले पारित भएको हो।

विधेयकबाट सो प्रावधान हटाउने प्रस्ताव सरकार आफैँले गरेकाले सो प्रस्ताव सर्वसम्मत रूपमा समितिबाट पारित भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकको दफा १६ हटाउने सरकारको प्रस्ताव सर्वसम्मत रूपमा हटाउने निर्णय भएको हो ।नेपाल सरकारले २०७६ सालमा भ्रष्टाचार निवारण ऐन २०५९ लाई समयसापेक्ष परिमार्जन गर्ने उद्देश्यले एक विधेयक संसद्समक्ष पेस गरेको थियो। उक्त विधेयकमा दफावार छलफलपश्चात् राष्ट्रिय सभाले पारित गरी प्रतिनिधिसभामा पठाएको हो।

उक्त विधेयक प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल भएको हो । छलफलको विषय विशेष गरी भ्रष्टाचार मुद्दामा हदम्याद कायम गर्ने वा नगर्ने विषयमा केन्द्रित थियो। यसको चौतर्फी विरोध र केही समर्थकहरूसमेत देखिएका थिए। आखिर के हो त के हदम्याद ? के भ्रष्टाचार मुद्दामा हदम्याद हुँदै हुँदैन ? भ्रष्टाचार मुद्दामा अनुसन्धान गरी मुद्दा पेस गर्ने हदम्याद राख्दा भ्रष्टाचार नियन्त्रणमा अवरोध सिर्जना हुने नै हो त ? यो अत्यन्त पेचिलो विषय बन्दै आएको थियो ।

संसद्मा पेस हुन आएको उक्त विधेयकको ४५ को उपदफा १ मा भ्रष्टाचारजन्य कसुरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनुपर्नेछ । उपदफा २ मा जुनसुकै कुरा लेखेको भए तापनि सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत भ्रष्टाचार गरेको रहेछ र त्यस्तो विषयमा यस ऐनबमोजिम तत्काल कार्य हुन सक्ने रहेनछ भने अवकाश भएको मितिले पाँच वर्षभित्र निजउपर यस ऐनबमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्नेछैन। उपदफा ३ मा १ र २ मा जुनसुकै कुरा लेखेको भए पनि सरकारी सामुदायिक वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकार प्रदेश सरकारमा स्थानीय तह वा सार्वजनिक संस्थाको स्वामित्व वा नियन्त्रण रहेको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा मुद्दा चलाउन सक्ने छैन भन्ने व्यवस्था छ ।यदि नेपालमा भ्रष्टाचारसम्बन्धी कसुरमा मुद्दा अभियोजन गर्ने हदम्याद किटान गरियो भने सहजै ठूला भ्रष्टाचारीहरूले उत्सव मनाउने अवस्था बन्छ ।

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# राजनीतिमा विभाजित 'हदम्याद'

**• डा. शोभाकर पराजुली**

राष्ट्रिय सभाले पारित गरेर प्रतिनिधि सभामा पठाएका दुई विधेयकका केही व्यवस्थाका बारेमा अहिले राजनीतिक वृत्त तातिएको छ। प्रतिनिधि सभाका दुई संसदीय समितिमा अहिले त्यसबारे दफावार छलफल पनि चलिरहेको छ। खास गरी भ्रष्टाचार निवारण ऐन, २०४९ र तेस्रो पटक संशोधन गर्न थालिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको 'अभियोजन' सम्बन्धी व्यववस्था परिवर्तन गर्नका लागि केही बुँदा संशोधन गर्न खोजिएको छ।

भ्रष्टाचार निवारण ऐन भने पहिलो पटक संशोधन हुन थालेको छ। यसमा परिमार्जन गर्न खोजिएका व्यवस्थाकै बारेमा राजनीतिक दल, सांसद र नेताहरू नै विभाजित भएका छन्। भ्रष्टाचार निवारण ऐनमा परिवर्तन गर्न खोजिएको भनेको त्यो ऐनको दफा ४५ मा व्यवस्था गरिएका विषय हुन् । अहिले पनि त्यही ऐन प्रचलनमा छ । मौजुदा ऐनमा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेका भ्रष्टाचारका कसुरमा मरणोपरान्त मुद्दा चलाउन सकिने व्यवस्था छ।

ऐनको यो दफामा भनिएको छ, 'कुनै राष्ट्रसेवकले आफू कुनै पदमा बहाल रहेको अवस्थामा सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना वा हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धमा त्यस्तो व्यक्तिले आफ्नो पदबाट अवकाश प्राप्त गरेपछि पनि निजउपर मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।' अहिले भने त्यसलाई अलिकति परिमार्जन गरेर केही सीमा तोकिएका छन्। संशोधन गर्न खोजिएको व्यवस्था अनुसार 'भ्रष्टाचारजन्य कसुरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनुपर्ने छ' भनेर लेखिएको छ । ऐनको त्यही दफाका उपदफा पनि थपिएका छन् र पहिलो दफाको त्यो 'हदम्याद' लाई व्याख्या पनि गरिएको छ । त्यसकै उपदफा २ मा लेखिएको छ 'उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए पनि सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले निज त्यस्तो पदमा बहाल रहँदाको बखत भ्रष्टाचार गरेको रहेछ र त्यस्तो विषय यस ऐनबमोजिम तत्काल कारबाही हुन सक्ने रहेछ भने निज जुनसुकै व्यहोराबाट अवकाश प्राप्त गरेको भए पनि अवकाश भएको मितिले पाँच वर्षभित्र निज उपर यस ऐनबमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्ने छैन ।'

उपदफा ३ मा त्यसलाई अझ प्रस्ट पार्न खोजिएको देखिन्छ । त्यही व्यवस्थाबारे उपदफा ३ मा भनिएको 'उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए पनि सरकारी, सामुदायिक वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सार्वजनिक संस्थाको स्वामित्व वा नियन्त्रणमा रहेको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा मुद्दा चलाउन त्यस्तो हदम्याद कायम रहने छैन।' सरसर्ती हेर्दा यी व्यवस्थाले भ्रष्टाचारलाई पनि केही सीमामा व्याख्या गरेको छ । अर्थात् घुसखोरीजन्य सामान्य भ्रष्टाचार र राज्यका सम्पत्ति हिनामिना जस्ता गम्भीर भ्रष्टाचारजन्य मुद्दा तर त्यसमा ती भ्रष्टाचारजन्य कसुरका प्रकृति खुलाइएका छैनन् । तिनको व्याख्या पनि छैन । यद्यपि ऐन, नियम र कानुनको व्याख्या पनि फरक फरक हुन सक्छ ।

हद भनेको सीमा हो अनि म्याद भनेको अवधि अर्थात् समय हो । खास गरी अदालतमा फिराद, उजुरी वा नालिस गर्न कानुनले तोकिदिएको अन्तिम समयसीमा नै 'हदम्याद' हो । न्यायिक सिद्धान्तमा 'हदम्याद' को पालना अनिवार्य मानिन्छ। हदम्याद भनेको समाजमा शान्ति सुरक्षा र न्यायका लागि एक प्रकारको कानुनी सुनिश्चितता पनि हो । विश्वव्यापी कानुनी मान्यतालाई आधार मान्ने हो भने हदम्यादसम्बन्धी कानुनी व्यवस्था विश्रान्ति र न्यायको कानुन पनि मानिन्न । कानुन र न्यायको यो सिद्धान्त अपनाउने हरेक लोकतान्त्रिक देशको मूल कानुन वा संविधानमा यो व्यवस्था अनिवार्य गरेका हुन्छन् । यद्यपि हरेक मुद्दामा यो मान्यता वा सिद्धान्तले काम नगर्न सक्छ तर अपराधको प्रकृति हेरेर न्यायको सिद्धान्त लागु गरिन्छ । भ्रष्टाचारजन्य कसुरमा हदम्याद राख्ने वा नराख्ने भन्नेबारेमा अहिले पूरै समाज विभाजित छ । एकथरी राजनीतिक दल, नेता अनि सांसदहरू त्यसको विरोधमा छन् । उनीहरूको तर्क छ, भ्रष्टाचारीलाई जोगाउनका लागि यस्ता हद म्यादका व्यवस्था राख्न खोजिएको हो । अनि अर्कोथरी तप्का छ, जसले त्यो हदम्यादका कारण भ्रष्टाचारीलाई कानुनी दायरामा ल्याउने निश्चितता भएको दाबी गरिरहेको छ । सामान्य रूपमा हेर्दा र बुझ्दा यी दुवैथरीका तर्क आआफ्नो ठाउँमा मनासिव नै छन् । मरणोपरान्त मुद्दा चलाउन पाइने वा उसको भ्रष्टाचारजन्य कसुरमाथि छानबिन गर्न पाइने कानुन हुँदा पनि नेपालमा भ्रष्टाचार न्यूनीकरण वा नियन्त्रण हुनुको सट्टा झन् झन् बढिरहेको छ । यस्तो अवस्थामा पाँच वर्षको सीमा तोक्दा उसले उन्मुक्ति पाउँछ कि भन्ने भय हुन अस्वभाविक होइन ।

कानुनको भाषामा बुझ्ने हो भने ऐनको संशोधित व्यवस्थामा 'राज्यले थाहा पाएको मितिले' भन्ने राखिएको छ। यसअघि यही व्यवस्थामा 'भ्रष्टाचार कसुर गरेको मितिका हिसाबले पाँच वर्षभित्र' भनिएको थियो । त्यो मिति भन्दा 'राज्यले थाहा पाएको मिति' भन्ने व्यवस्थाले यसमा समयसीमा अझ फराकिलो देखिन्छ । एकथरीको तर्क सुन्ने हो भने यस्ता मुद्दालाई समयमै किनारा लगाउने हिसाबले पाँच वर्षको हदम्याद प्रभावकारी देखिन्छ । यस्तो व्यवस्थाले कानुनी छिनोफानोको एक प्रकारको सुनिश्चितता हुन्छ। पाँच वर्षभित्र मुद्दा चलाउँदा त्यसको छोटो निरूपण हुन सक्छ । यसैमा हदम्याद नहुँदा भने त्यो मुद्दाको अनिश्चितता हुन्छ। अर्थात् दोषीले कहिले सजाय पाउँछ भन्ने नै टुङ्गो हुँदैन । यसरी हेर्दा खास गरी हदम्याद राख्दा नै दोषीलाई चाँडै सजायको भागीदार बनाउन सकिन्छ कि भन्ने तर्क अन्यथा होइन । अनि त्यसो हुँदा राज्यले 'पाँच वर्षसम्म थाहा नपाउन पनि सक्छ वा थाहा नपाएको जस्तो गर्न पनि त सक्छ' भन्ने आशङ्का पनि अस्वाभाविक मान्न सकिन्न ।

पीडितलाई न्यायिक परिणाम दिनु अनि पीडक वा दोषीलाई आफ्नो कर्मप्रति दायित्वबोध र आत्मालोचना गराउनु नै न्याय हो । प्राकृतिक न्यायको सिद्धान्त पनि यही हो । कुनै राज्य वा सरकारले अवलम्बन गर्ने न्यायिक प्रणाली यही प्राकृतिक न्यायको सिद्धान्तमा आधारित हुन्छ । त्यसलाई सामाजिक संरचना, त्यसको बनोट, समाजको मनोविज्ञान, राजनीतिक र शासन व्यवस्थाले पनि प्रभाव पारिरहेको हुन्छ। विधिको शासन अवलम्बन गर्ने हरेक राज्यमा 'न्याय' भनेको हरेक नागरिकको नैसर्गिक वा मौलिक अधिकार हो ।

राज्यको मूल कानुन अनि संविधानको प्रस्तावनामै नागरिकका मौलिक अधिकारका भावना विम्बित हुन्छन्। भ्रष्टाचार भनेको राज्यविरुद्ध गरिने अपराध हो । राज्यप्रति जसरी नागरिकको कर्तव्य स्वाभाविक हुन्छ त्यस्तै स्वभाविक रूपमा राज्यविरुद्ध गरिएका अपराध हरेक नागरिकमाथिको अधिकार हो । त्यसैले भ्रष्टाचार गर्नेलाई सजाय दिनु भनेको नागरिकलाई न्याय दिनु हो भन्ने बुझाइ पनि छ।

विश्वव्यापी रूपमा एउटा परिपाटी के देखिएको छ भने अल्पविकसित अनि विकासको गतिमा अघि बढ्न थालेको देशमा धेरै नै भ्रष्टाचार हुन्छ। राष्ट्रिय अनि अन्तर्राष्ट्रिय अध्ययन र अनुसन्धानात्मक प्रतिवेदनले निकालेको निष्कर्ष पनि यही नै हो। यसको मतलव धनी राष्ट्रमा भ्रष्टाचार नै हुँदैन भन्ने होइन। त्यसका प्रकृति र रूप फरक हुन्छन्। अर्को कुरा भ्रष्टाचार भनेको पैसा वा अर्थसँग मात्रै जोडिएको हुँदैन । यो नीति, नियत अनि उसको आचरणसँग पनि जोडिएको हुन्छ । त्यसैले भ्रष्ट अनि आचरणलाई जोडेर भ्रष्टाचार शब्दको निर्माण भएको छ।

संविधान, कानुन, ऐन, नियम र विधिविधान राज्यले नै तय गर्ने वा पूरा गर्नुपर्ने काम हुन् । समृद्ध राष्ट्र अनि न्यायपूर्ण आदर्श समाज निर्माणका लागि नियम, कानुन र ऐन अत्यावश्यक छन् । कुनै पनि ऐन, कानुन आफैँमा नकारात्मक हुँदैनन् । त्यो कस्तो नियम हो वा कस्तो कानुन हो भन्ने कुरा त्यसको कार्यान्वयन र कार्यान्वयन गर्नेको नियतमा भर पर्छ । भ्रष्टाचार नियन्त्रणका लागि सरकारले नै स्थापित गरेको अख्तियार दुरुपयोग अनुसन्धान केन्द्रको कार्यक्षेत्र बढाउने ( खास गरी अहिले आयोगले आफ्नो कार्यक्षेत्र विस्तार गर्नुपर्ने र निजी क्षेत्र अनि एनआरएनको क्षेत्रमा हुने भ्रष्टाचारका विषयमा पनि आफूहरूले छानबिन गर्न पाउनु पर्छ भन्ने प्रस्ताव राखेको छ । आयोगसम्बन्धी ऐन संशोधनका लागि यही विषयमा विवाद छ। ) प्रस्ताव होस् वा पाँच वर्षको हदम्यादको व्यवस्था । यी सबै त्यसको कार्यान्वयन वा संशोधनकर्ताको नियतमा भर पर्ने कुरा हुन् । पाँच वर्षको हदम्याद राख्दैमा सारा भ्रष्टाचारीले उन्मुक्ति पाउँछन् भन्ने होइन अनि यो हदम्याद नराख्दैमा सबै भ्रष्टाचारीले सजाय पाइहाल्छन् भन्ने पनि होइन । ऐन, नियम अनि कानुन भनेका दिनदिनै वा मन लागेमा परिवर्तन र संशोधन गर्ने विषय होइनन् । यस्ता संवेदशनशील विषयमा हाम्रा राजनीतिक नेतृत्व अझ संवेदनशील हुनु पर्छ । सबैभन्दा ठुलो कुरा त राज्य र नागरिकप्रति उनीहरूको नियत सफा हुनु पर्छ।

---

# हिंसा के हो ? इतिहासको ऐनाअगाडि उभिएर एमाले नेतृत्वले आफ्नै अनुहार हेरोस्

**• रञ्जित तामाङ**

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा गठित राजनीतिक कार्यदलले तीन प्रमुख दलका शीर्ष नेतासमक्ष प्रतिवेदन हस्तान्तरण गर्‍यो ।

त्यसलगत्तै ओलीले सामाजिक सञ्जालमा लेखे, 'लामो समयदेखि थाती रहेको हिंसात्मक द्वन्द्व अन्त्यको दिशातिर अगाडि बढ्यो ।'

यो व्यवस्था ल्याउन रतिभर योगदान नगरेका, जनयुद्ध तुहाउन दरबारसँग घाँटी जोडेका ओली यतिखेर संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यकारी प्रधानमन्त्री छन्; जुन क्रान्तिको जगबाट आएको व्यवस्थामा उनी आज प्रधानमन्त्री छन्, त्यही क्रान्तिलाई उनी 'हिंसा' भन्दै छन् । यो ओलिटिक्स हो, जुन देश र जनताले बुझेको छ। त्यस क्रान्तिलाई कि महान् क्रान्ति भन नत्र विष वमन नगर ।



ओलीको 'अनुकरण' गर्दै हिजो संसदमा एमालेका अर्का नेताले उही कुराको सुगा रटान लगाए । उनी केटौले शैलीमा प्रस्तुत भए र गैरजिम्मेवार ढंगले दलिलहरू पेस गरिरहे। उनलाई त लागेको होला– अरुमाथि हिलो छ्यापिरहँदा बिछट्टै गरेँ; प्रधानमन्त्रीको ध्यान खिचेँ; माओवादीलाई गाली गरेर माओवादीको कट्टर विरोधी प्रधानमन्त्रीपछिको रोल क्रम २ मा भएँ; कमरेड ओलीको पदचाप पछ्याउने एक मात्र उत्तराधिकारी मै भएँ भन्ने । तर त्यो सब मुतको न्यानोजस्तै हो । किनकि माओवादी जनयुद्धलाई हिंसा मान्ने हो भने सबैभन्दा पहिला एमालेले झापा विद्रोहलाई हिंसा भन्नुपर्छ। र ओलीले आफूलाई हिंसात्मक विद्रोहको कमान्डर स्वीकार गर्नुपर्छ। नत्र एमालेको राजनीतिक पृष्ठभूमि भोगेको, देखेको, पढेको हरेकले ओली र उनका अनुयायीको रोदन राम्रैसँग बुझेका छन् ।आजको एमालेको राजीनतिक पृष्ठभूमि २०२८ सालको झापा विद्रोह हो । त्यही झापा विद्रोहताका वर्गशत्रु सफायाको अभियान सञ्चालन गर्नेमध्येका एक कमान्डर यतिबेला देशको प्रधानमन्त्री छन् । 'वान मेन वान कन्ट्र्याक्ट, वान मेन वान स्क्वाड, वान स्क्वाड वान एक्सनको वर्ग शत्रु सफायाकोको सैन्य फर्मेसन बनाएर दर्जनौँको टाउको कटुवाहरूले इतिहासको ऐनाअगाडि उभिएर आफ्नो रक्तमुछेल अनुहार हेरे पुग्छ । हुन त एमालेले त्यो क्रान्ति सप्तकोशीमा उहिल्यै बगाइसकेको छ। तर विश्व समुदायले मानेको राजनीतिक संघर्ष युगान्तकारी परिवर्तनलाई हिंसा देख्ने तिम्रो राजनीतिक अन्धताप्रति खेद छ । जनताको अधिकार स्थापित गर्ने क्रान्तिलाई हिंसा देख्ने तिम्रो दृष्टिदोषप्रति घृणा छ । यतिका परिवर्तनको रसास्वादन गरेर महान् बलिदानप्रतिको अपमानको, तिम्रो अहङ्कार र दम्भको कुनै एक समय मूल्य चुकाउनुपर्नेछ ।

वर्ग वैरीहरूका लागि हिंसा वा आतङ्क लाग्न सक्छ, क्रान्ति । किनकि क्रान्तिले शोसित र उत्पीडित जनतालाई न्याय दिन्छ, समानता दिन्छ, अधिकार दिन्छ; त्यो वर्ग वैरीहरूको हातबाट खोसेर दिन्छ। जो जनताको भाषामा क्रान्ति हो, वर्ग वैरीहरूको लुटतन्त्रका लागि हिंसा या आतङ्क होला। जनता र वैरीहरूको सोच, विचार र भाषा एउटै हुँदै हुँदैन ।

अहिले बर्बराएका तिनै वर्ग वैरीहरूसँग यो बेला न नयाँ एजेन्डा छ, न त नयाँ कार्यक्रम नै छ। यसर्थ सरकारको नेतृत्व गरेका र उसका चाकडीबाजहरू यसबेला माओवादीलाई गाली गरेर विषयान्तर गर्न खोज्दै छन् । उनीहरू यतिबेला सरकारको असफलता लुकाउन, असक्षमता ढाकछोप गर्न प्रमुख प्रतिपक्षीलाई उत्तेजित बनाउँदै संविधानले समेत सशस्त्र द्वन्द्व स्वीकार गरेको हो ।

नेकपा गठनका बखत जनयुद्ध मान्न तयार भएकाहरू आज 'हिंसा'को दर्जा दिएर विस्तृत शान्ति सम्झौताको मात्र अपमान गरेका छैनन्; त्याग, समर्पण र बलिदानको जगमा प्राप्त उपलब्धिमाथि नै धावा बोल्ने दुस्साहस गरेका छन्, यसको डटेर प्रतिवाद गरिनेछ ।

भ्रष्टाचारको ब्रह्मनालबाट जन्मेको सरकार ठुला दुई दल एमाले-कांग्रेस यतिबेला सरकारमा छन् । परीक्षणकाल रहेको यो सरकारले देशमा बढ्दो निराशालाई आशा जगाउने उल्लेखनीय काम गर्न सकेको छैन । बरु एकपछि अर्को विवादित र जनविरोधी हर्कत गरिरहेको छ । यो सरकार केका लागि बनेको हो, किन बनेको हो भन्ने उनीहरुले जनतालाई जवाफ दिन सकिरहेका छैनन् । यो सरकार एक त बेमेल गठबन्धनको दुष्चक्रमा फसिरहेको छ । अर्को कुरा, सरकारसँग न नयाँ योजना नै छ, न त जनतालाई आशावादी बनाउने कुनै कार्यक्रम छ ।

बुझ्नेहरू भन्छन् – भ्रष्टाचारको ब्रह्मनालबाट यो सरकारको उदय हुन पुगेको हो । घटनाहरूले पनि त्यस्तै प्रमाणित गर्दै छन् । यो सरकारलाई देश र जनताका पक्षमा परिणाममुखी काम गर्नुपर्छ भन्ने नै छैन । विभिन्न काण्डमा जोडिएका आफ्ना मान्छेलाई कसरी उन्मुक्ति दिने, राज्यका हरेक ठाउँमा आफ्ना मान्छे सेटिङ गरेर वैधानिक लुटतन्त्र कसरी मजबुत बनाउने भन्नेमै यो सरकारको अर्जुनदृष्टि छ ।

अहिले देशकै ठुलो दुश्मन भनेको भ्रष्टाचार हो, जनताले खोजेको सुशासन हो । भ्रष्टाचार र सुशासन एक-अर्काको विपरीत प्रवृत्ति हो ।

प्रचण्ड सरकारका समयमा भ्रष्टाचार विरुद्धको कारबाही अभियानात्मक रूपमा अगाडि बढेको थियो । त्यस बखत जनतामा आशाको ग्राफ बढेको थियो । भ्रष्टाचार विरुद्धका कारबाही व्यापक बन्दै जाँदा त्यसमा जनसमर्थन बढ्दै गइरहेको थियो । हरेक ठुला भ्रष्टाचार र अनियमितताको फाइल खोल्न जनताको साथ समर्थन थियो । सरकार पनि एकपछि अर्को फाइल खोल्न प्रतिबद्ध थियो । सुशासनको त्यस प्रकारको राष्ट्रिय अभियानले राजनीतिक र नेतृत्व वृत्तमा ठुलो तरंग पैदा भएको कुरा जगजाहेरै छ। त्यसबाट आतङ्कित सुशासन विरोधीहरूले रातारात जनपक्षीय सरकार ढाले र दलालहरूको बुख्याँचा सरकार बनाए ।

# आत्महत्या न्यूनीकरण गर्न आवश्यक

- **इन्द्रप्रसाद ओली**

आत्महत्याका कारण धेरैजना अकालमा मर्छन् । वर्तमानमा झापामा आत्महत्याको उच्च जोखिम रहेको छ । देशभरि पहिलो स्थानमा इलाम र दोस्रो स्थानमा झापा रहेको छ ।

**आत्महत्या हुन्छ किन ?**

विश्वमा हरेक ४० सेकेण्डमा एकजना मानिसले आत्महत्या गर्ने गरेका छन् । नेपाल आत्महत्या गर्ने मुलुकको आठौं नम्बरमा छ ।

संयुक्त राष्ट्रसंघको तथ्यांक अनुसार हरेक वर्ष ८ लाखले आत्महत्या गर्छन् । भारतमा मात्रै एकै वर्ष २ लाख ५८ हजार ५७ जनाले आत्महत्या गरेका छन् । नेपालमा एक वर्षमा ५ हजार ५ सय ७२ जनाले आत्महत्या गरेका छन् । यसरी आत्महत्या गर्नेमा महिलाहरुभन्दा पुरुष बढी छन् । नेपालमा पनि आत्महत्या गर्नेमा महिलाभन्दा पुरुषहरु नै बढी छन् । ७० वर्ष कटेकाहरुमा बढी यो समस्या देखिएको छ । नेपालमा दैनिक करिब एक दर्जनले आत्महत्या गर्छन् भने बर्सेनि पाँच हजारभन्दा बढी मानिसले आत्महत्या गर्ने गरेको तथ्यांक छ। विश्व स्वास्थ्य संगठनको रिपोर्टअनुसार प्रत्येक एक लाख मानिसमा २५ जनाले आत्महत्या गर्ने नेपाल विश्वमै बढी आत्महत्या गर्ने देशको सूचीमा आठौं स्थानमा पर्छ । आत्महत्याका प्रमुख कारणमध्ये शारीरिक, मानसिक, आर्थिक साथै सामाजिक परिवेशसँग जोडिएका परिघटना हुन सक्छन्। सामाजिक कारण अन्तर्गत मानिसका दैनिक व्यावहारिक कुरा पर्छन्। जस्तोः ऋण, धन, गालीगलौज, चरित्रहत्या जस्ता समस्याले ग्रस्त मान्छेले पनि आत्महत्याको बाटो रोजेको देखिन्छ। शारीरिक कारण अन्तर्गत कुनै ठूलो रोग टिबी, क्यान्सर लगायत दीर्घरोग वा उपचार हुन नसक्ने प्रकार रोगको कारणले बाँच्ने आशा हराउँदै जाँदा मानसिक विचलन आएर आत्महत्याको बाटो रोज्नु।

आत्महत्याको ९० प्रतिशत कारण मानसिक समस्यालाई मानिन्छ । लागूऔषध दुर्व्यसनीमध्ये १५ प्रतिशत, पर्सनालिटी डिसअर्डरमध्ये १० प्रतिशत र सिजोफ्रेनिया भएकामध्ये १० प्रतिशतले आत्महत्या गरेको देखिन्छ ।

नेपालमा सामाजिक-सांस्कृतिक विचलन, मानसिक रोग, पारिवारिक कलह, अनमेल विवाह, यौन दुर्बलता, आपसी अबिश्वास, असुरक्षा भाव, अन्याय, द्वन्द्व, बेरोजगारी, गरिबी, इन्टरनेटको दुरुपयोग, लागूपदार्थको दुर्व्यसन , जीवनमा सधैं असफलता आदि कारणले आत्महत्या बढ्दो छ ।

नेपाली सामाजिक जीवनमा अस्वस्थ प्रतिस्पर्धा, असमानता, घरेलु हिंसा, नैतिक शिक्षाको अभाव र नक्कल गर्ने मनोविज्ञान पनि आत्महत्याका उत्तिकै जिम्मेवार कारक देखिन्छन् ।

तसर्थ प्रश्न उठ्छ- के हामीसंग जिन्दगी मात्र निराशाको बिन्दुसम्म हो? त्योभन्दा अगाडीको जिन्दगी के जिन्दगी होइन ?

जन्मेपछि कर्म भोग्नु अनिवार्य छ। बितिसकेका कुराहरुको बारेमा फेरि बहस गर्न नसकिएला। तर बर्तमान र भविष्यको लागि त सोच्न सकिन्छ नि !

हरेक असफलताहरु सफलताका सिंढी हुन्। मान्छे असफल हुनु जिन्दगी बर्बाद हुनु होइन, तर गलत बाटो रोज्नुचाहिं आफूमात्र बर्बाद हुनु होइन, आफूसंग जोडिएर आउने परिवारका सदस्य र समाजलाई असफल बनाउनु हो।

चिन्ता चिताको कारक हो। चिन्तादेखि टाढा रहनु नै उपयुक्त हुन्छ। भगवानले सृष्टि रचेका छन् भने उनको सृष्टिमा सबैलाई समान रुपमा बाँच्ने अधिकार पनि छ। मान्छे समस्यामा पर्छ भने समाधानको उपाय पनि छ। आफूले देखेका केही सपनाहरु मर्न सक्छन् तर केही नयाँ पनि त जन्मन्छन् । यो त केवल एउटा सिलसिला न हो । न केहि पातहरु झरेर रुखको हरियाली सकिन्छ नत केहि फूलहरु झरेर जाँदैमा बगैंचाको सौन्दर्यतामा कमी आउँदछ।

हुन त, हाम्रो समाजमा आत्महत्या गर्ने मान्छेलाई कमजोरको संज्ञा दिइन्छ। तर मेरो लागि ती जस्ता हिम्मतिला मान्छे अरु हुन सक्दैनन् जस्तो पनि लाग्छ । जसले आफ्नो चलिरहेको स्वास (वायु) लाई पूर्णरुपमा रोक्ने हिम्मत गरे । नाक मुख थुनेर आधा मिनेट त रहन सकिँदैन भने ७/७ मिनेटको दर्दनाक अवस्था सहने मान्छे हिम्मतिला हुन, तर जिन्दगी नै हार्ने शर्तमा। जिन्दगी जित्ने शर्तमा कदापि होइन।

जिन्दगीलाई नै जित्ने शर्तहरु त ती हुन् ,जसले फाटेको मनलाई सिउने कोसिस गर्यो, भत्केका सपनाहरु पुनः जोड्ने कोसिस गर्यो र कठिन घुम्तीहरु पुनश्चः पार गर्ने अठोट गर्यो। भगवानले हामी सबैलाई अथाह स्मरण शक्ति दिएका छन्, अनि त्यसैगरी बिर्सन सक्ने शक्ति पनि दिएका छन् । नराम्रा कुराहरुको घटाउ र राम्रा कुराहरुको जोड नै जिन्दगी जिउने कला हो। जिन्दगी कस्तो बनाउने त्यो हाम्रो विचारमा भर पर्छ। राम्रो विचारको प्रतिफल राम्रो र नराम्रो विचारको प्रतिफल नराम्रो नै हुन्छ। सुख र दुःख त केबल शारीरिक र मानसिक रुपको अवस्था मात्र हो। शरीरको अनुकूलता सुख हो भने प्रतिकुलता दुःख हो। हामी सबैलाई यस्ता स-साना कुराहरु थाहा छ तर हामी यी सबै कुराहरुलाई भुलेर ठुला ठुला कुराहरुको पछि लागिपरेका छौ। भनिन्छ नि, थोपा थोपा मिलेर सागर बन्छ भनेझैँ स- साना सुख र खुशीका कुराहरु समेटेर नै सिंगो सुखी र खुशीमय जिन्दगी बन्दछ।

यस धर्तीमा हरेक सजीव प्राणीहरु मर्नकै लागि जन्मिन्छन् । अजम्बरी कोही पनि छैन। मान्छे पनि छोटो समयको लागि धर्तीमा आएको हुन्छ र जिउनको लागि संघर्ष गरेर बाँच्दछन् र त आफ्नो नाम अमर बनाउँदछन्। मर्नको लागि मात्र के बाँच्नु बरु बाँच्नको लागि बारम्बार मर्नु नै उत्तम ठहरिन्छ। बाँच्नको लागि संघर्ष गर्नु पर्छ, काम गर्नु पर्छ, फलको आश नगरी गरिएको मेहनतले नै इतिहास लेख्दछ।

तपाई हाम्रो जीवनमा जे जति कुराहरु भैरहेका छन् वा घटिरहेका छन् ती सबैको जिम्मेवार तपाई हामी नै हो। दोस्रो ब्यक्ति हुँदै होईन। प्रतिकूलताका सबै कुराहरुलाई छोडिदेऊ र आफ्नो लागि आफैसँग केहि खाली ठाउँ बनाऊ ।जहाँ सृजनशील अनुरुपका कुराहरुलाई प्रत्यारोपण गर्न सकियोस् । मानिसको शारीरिक र मानसिक अवस्थाको अनुकूलता मानिसको सुख र प्रतिकुलता दुःख हो। त्यहिं अनुकूलता खुशी हो अनि प्रतिकुलता पीडा हो। जो जसले जतिसुकै धनसम्पति र पद प्रतिष्ठा आर्जन गरेपनि शारीरिक र मानसिक अबस्थाको अनुकूलताबिना न त सुखी हुन सकिन्छ, न खुशी नै हुन सकिन्छ।

समाजमा अझ विशेष गरेर किशोर किशोरी र युवायुवतीहरुमा आत्महत्या एउटा लहडको बिषयझै भएको छ। योसंगै डरलाग्दो सामाजिक मनोविज्ञानको फाँट पनि बिस्तार भएको छ। क्षणिक आवेशमा आएर गरिने यस्ता अपरिपक्व निर्णयले उनीहरु त उम्किन्छन्, तर उनीहरुसंग जोडिएका परिवार र समाजलाई कैयौं पीडा दिएर गएका हुन्छन्। आत्महत्याका विषयमा गम्भीर भएर सोच्ने बेला आएको छ । यसलाइ न्यूनीकरण गर्नका लागि आवश्यक परामर्श र आत्महत्या हुन्छ नै किन भन्ने विषयमा बौद्धिक बहसको आवश्यक छ ।

**आत्महत्याका कारणहरुः-**

१) आधुनिक जीवन शैलीले गर्दा धेरैभन्दा धेरै कमाउनु पर्ने र कमाउन नसके मनमा चिन्ता र मनोबैज्ञानिक असर (डिप्रेसन ) पर्नाले पनि आत्महत्या हुन सक्छ / जिउने कुनै आधार नदेखेमा पनि केहीले आत्महत्याको बाटो रोज्ने गर्दछन् । यसरी आर्थिक कारणले आत्महत्या गर्नेको संख्या धेरै छ ।

२) सामाजिक मानप्रतिष्ठामा असर पर्नाले वा समाजमा आफूले गरेको कामबाट पर्ने असरको मनोबैज्ञानिक डर वा इज्जत जाने डरले पनि आत्महत्या हुन सक्छ ।

३) आफूले सोचेजस्तो गर्न नसक्दा जीवनप्रति घृणा र निराशाको कारण पनि आत्महत्या हुन सक्छ ।

४) साथै परिवारिक कलह, बेमेल र विवाद पनि आत्महत्याको अर्को कारण हुन सक्छ ।

५) कुनै गंभीर अपराधमा फसेमा वा फस्छु भन्ने डर भएमा,

६) दिमागमा परेको लोड धान्न नसक्दा पनि मान्छे कि त आत्महत्या गर्छन् कि पागल हुन्छन् ।

७) पढाइ , जागिर र ब्यवसायमा असफल भएमा पनि केहीले आत्महत्या गर्ने गर्छन् । पैशालाई चाहिनेभन्दा बढी महत्व दिनु पनि आत्महत्याको कारण हुन सक्छ ।

८) प्रेममा असफल भएमा, धोका खाएमा वा आफूले रोजेको नपाएमा केहीले आत्महत्या गर्ने गर्छन् ।

९) तिर्न नसक्ने गरी कुनै ऋणमा फस्नु वा कुनै कारणले आफ्नो ठुलो धनराशि नास हुनु पनि आत्महत्याको कारण हुन सक्छ ।

१०) कसैले दिएको मानसिक दवाब सहन नसकेर वा परिस्थितिबस सृजना भएका दवाब सहन नसकेर अथवा मानसिक अवस्था ठीक नभएर वा उपचार गर्न नसक्ने कुनै ठुलो रोग लागेर पनि आत्महत्या हुने गर्दछ ।

११) शारीरिक रूपले अपांग भएमा जीवनदेखि निराश भएर पनि केहीले आत्महत्या गर्दछन् ।

१ २ ) आफूले आफूलाई बुझ्न नसक्नु , परिस्थितिलाई बुझ्न नसक्नु वा चेतनाको स्तर कमजोर हुनु र आर्थिक रूपले कमजोर हुनु पनि आत्महत्याको अर्को कारण हुन सक्छ ।

**निष्कर्ष :-**

हरेक मान्छेको जीवनमा सुख दुःख, राम्रो नराम्रो क्षण र उतारचढाबहरु आउँछन्, त्यसैले सकारात्मक सोच र हिम्मत राखेर अगाडी बढ्ने हो भने हो भने ९९प्रतिशत आत्महत्या रोकिन सक्छ । हामीले त्यसको लागि हरेक मान्छेभित्र रहेको आत्मालाई जगाउन जरूरी छ ।

मेरो कुनै भविष्य छैन, त्यसैले मैले बाँच्नुको कुनै अर्थ छैन भन्ने किसिमको वातावरण हुनु भएन, देखासिकीको वातावरण हुनु भएन । त्यसकारण हरेक नागरिकको भविष्य बन्ने बाटो देखाउनु र बाटो बनाउनु राज्यको पनि कर्तब्य हो । अनि मात्र आत्महत्या रोकिने छ ।

# बिर्तामोड पब्लिक लाइब्रेरीको उद्घाटन

बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा पहिलो सामुदायिक पुस्तकालयको रुपमा बिर्तामोड पब्लिक लाइब्रेरीको उद्घाटन भएको छ ।

बिर्तामोड पश्चिम बसस्ट्यान्ड दक्षिण रिभर साइडको कार्यालयसँगै सञ्चालनमा आएको पुस्तकालयको बिर्तामोडका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले शुक्रवार उद्घाटन गरेका हुन् ।

मिसन बिर्तामोडको अगुवाईमा सञ्चालनमा आएको पुस्तकालयको उद्घाटन पुस्तकालयको स्थापनमा संयोजनकारी भूमिका खेलेका माधवकुमार झाको जन्मदिनको अवसरमा गरिएको हो ।

कार्यक्रममा उपप्रमुख संग्रौलाले हरेक नगरबासीलाई आफ्नो जन्मदिनको दिन एक-एकवटा पुस्तक लाइब्रेरीलाई उपहारस्वरुप प्रदान गर्न आग्रह गरे । उनले पुस्तकालयलाई नगरपालिकाले सहयोग गर्ने पनि प्रतिबद्धता जनाए ।

पुस्तकालय उद्घाटन कार्यक्रममा युनाइटेड रिभर साइड युवा फाउन्डेसनका अध्यक्ष ओमबहादुर खड्काले पुस्तकालयका लागि कोठा उपलब्ध गराउन पाउँदा खुसी लागेको बताए ।

पुस्तकालयका संयोजक झाले हाल दाताबाट प्राप्त करिब चार लाख रुपैयाँबराबरको विभिन्न विधाका पुस्तकहरु रहेको जानकारी दिए । उनले हाल करिव ४ हजार वटा किताव रहेको बताउँदै पुस्तकालयमा १० हजार किताब पुर्याउने योजना रहेको सुनाए ।

# विद्यालयमै ढलेका शिक्षक गुरुङको निधन

झापा(प्रस) । इलामको शिक्षा क्षेत्रमा लामो समयदेखि योगदान दिएका राजन माइकल गुरुङको निधन भएको छ ।

बुधवार बिहान स्कुलमै अकस्मात ढलेका उनलाई बिहीवार साँझ थप उपचारका लागि भारतको सिलिगुडी पुऱ्याउनेबित्तिकै चिकित्सकले मृत घोषणा गरेका थिए ।

उनलाई चिकित्सकले ब्रेन ह्यामरेज र हर्ट अट्याक्ट भएको बताएका थिए ।स्व. गुरुङको अन्त्येष्टि शनिवार दिउँसो १ बजे भारतको दार्जिलिङ जिल्लाअन्तर्गत कालिङपोङमा गरिने जनाइएको छ । उनको पार्थिव शरीर बिहीवार राति नै कालिङपोङ पुऱ्याइएको छ । इलाम प्याब्सनले स्व. गुरुङप्रति श्रद्धा सुमन व्यक्त गर्न भदौ १६ गते आइतबार संस्थागत विद्यालयहरुमा शोक विदा दिने तयारी गरेको छ ।

दार्जिलिङ कालिङपोङ बनवस्तीका स्थायी बासिन्दा गुरुङले २०५३ सालमा माउन्ट मेची सेकेण्डरी बोर्डिङ स्कुलमा शिक्षण गरेका थिए ।२०५४ मा ग्रीन भ्याली अंग्रेजी बोर्डिङमा प्रिन्सिपल भएका उनी २०७९ देखि पुनः माउन्ट मेची सेकेण्डरी बोर्डिङको प्रिन्सिपल भएका थिए ।

# चट्याङ लागेर एकको मृत्यु ,अर्का घाइते

झापा(प्रस) । सुनसरीमा चट्याङ लागेर एकको मृत्यु भएको छ भने अर्का एक घाइते भएका छन् । जिल्लाको कोशी गाउँपालिका-४ निवासी अख्तर मियाँका १८ वर्षीय छोरा अक्रम मियाँको चट्याङ लागेर मृत्यु भएको हो ।

चट्याङ लागेर गम्भीर घाइते भई न्युरो सप्तकोशी अस्पताल उपचार क्रममा मियाँको निधन भएको स्थानीय तजमुल मियाँले जानकारी दिए । मृतकको शवको पोस्टमार्टमको लागि जिल्ला अस्पताल सुनसरीमा राखिएको छ । अर्का स्थानीय हदिस मियाँ चट्याङ लागेर घाइते भएका छन् । उनको न्युरो कोशी अस्पतालमा उपचार भएको जनाएको छ । घाइते हदिस निको भएर घर फर्किएको प्रहरीले जनाएको छ । माछा मार्ने क्रममा बिहीवार मियाँ चट्याङ लागेर घाइते भएका दुवैजना सप्तकोशी न्युरो अस्पताल भोक्राहा नरसिंहमा उपचारका लागि भर्ना भएका थिए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७०९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।